फोन नं. : ४२६२३२६, ४२६२४१६, ४२६२५१८, ४२६२९२३, ४१११११९
फ्याक्स : ९७७-१-४२६२५१६
इमेल : cnsatm@mos.com.np
केवल : AIRCIVIL
AFTN : VNKTYAYX

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल ।

पत्र संख्याः- १०७१/०७२/७३

मितिः-

# अत्यन्त जरुरी सूचना

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ नेपाल सरकारको मिति २०७३/१/२१ को निर्णयानुसार सोह्रौ संशोधन स्वीकृति भै आएको छ । सो सोह्रौं संशोधन अनुसार नियमावलीको नियम १.२ को खण्ड (द) पछि देहाय वमोजिम खण्ड (ध) थपिएको छ :

(ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्फनु पर्छ र सो शव्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउंछ ।"

यसै सन्दर्भमा नियमावलीको नियम १०.६घ पछि १०.६ङ थप गरी सेवाबाट निवृत्त हुने कर्मचारीले अनुसूची-१८ मा तोकिए वमोजिमको स्वघोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ भनी अनुसूची-१८थप गरिएको छ साथै नियमावलीमा थप भै आएको नियम १३.६(क)मा "यो नियम प्रारम्भ हुनुअघि स्थायी आवासीय अनुमति लिएका वा त्यस्तो अनुमतिका लागि आवेदन दिएका प्रत्येक कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत कार्यालयमा पेश गर्नुपर्नेछ" भन्ने प्रावधान भै आएकोले देहाय वमोजिमको विवरण यही **२०७३ साल जेठ १९ गते**भित्र आफू कार्यरत कार्यालयमा पेश गर्नुहुन सम्वन्धित कर्मचारीहरुलाई यो सूचना प्रकाशन गरिएको छ :

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद
(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए सोको मिति
(ग) सम्वन्धित विदेशी मुलुकको नाम
(घ) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको निवेदन रद्द गराउन इच्छुक भए नभएको ।

प्राधिकरण सेवाका कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा सम्वन्धित प्राधिकरण सेवाका कर्मचारीले आफू कार्यरत कार्यालयमा माथि उल्लेख भए अनुसारको विवरण भरी मिति २०७३ साल जेठ १९ गतेभित्र आफू कार्यरत कार्यालयमा पेश गर्नुहुन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

२०७३/२/५